लुम्बिनी प्रदेश सरकार
उद्योग तथा यातायात व्यवस्था मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
रुकुमकोट, रुकुम पूर्व

फोन: ०८८-४१३११३
Website:- csirukumeast.p5.gov.np
E-mail:- csidb.rukumeast@gmail.com

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०९/१८*

## लागत साझेदारीमा प्रविधि हस्तान्तरण गरिने सम्बन्धी सूचना ।

यस कार्यालयको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जिल्लास्तरमा आधुनिक प्रविधि भित्राउने उद्योगलाई उद्योग विकास र विस्तारमा टेवा पुऱ्याई रोजगारी सृजना गरी गरिबी न्युनीकरणमा सहयोग गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम उद्योग दर्ता भई संचालनमा रहेका लघु, घरेलु तथा साना उद्योगहरुलाई आवश्यक प्रविधि (मेशिन/औजार) खरिद कुल मुल्यको ८०% रकम कार्यालयले र २०% रकम उद्यमीको तर्फबाट व्यहोर्ने गरी लागत साझेदारीमा प्रविधि खरिद गरी हस्तान्तरण गर्ने कार्यक्रम रहेकाले यस जिल्ला भित्रका इच्छुक उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र तपशिल बमोजिमको कागजातहरु सहित कार्यालयले तोकेको ढाँचामा फारम भरी निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

*तपशिलः*

- उद्योग दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- व्यवसायको कार्ययोजना ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
- सम्बन्धित विषयमा तालिम वा अनुभव प्रमाण-पत्र भए सोको प्रतिलिपि ।
- अपाङ्गता भएका व्यक्तिले संचालन गरेको उद्योग भए सो खुल्ने कागजातको प्रतिलिपि ।
- वैदेशिक रोजगारीबाट फर्केको २ वर्ष ननाघेका व्यक्तिबाट संचालित उद्योग भए सो खुल्ने कागजातको प्रतिलिपि।

*द्रष्टव्यः*

- म्याद नाघी वा रितपूर्वक ढाँचामा पेश नभएका निवेदनहरु स्वत रद्द हुनेछ।
- नियमानुसार उद्योग दर्ता, स्थायी लेखा नम्बर एवं व्यवसायको कार्ययोजना जस्ता कागजात पेश नगर्ने उद्योगहरुलाई समावेश गरिने छैन ।
- प्राप्त निवेदन प्रस्तावहरु जिल्लास्थित मूल्याङ्कन समितिद्वारा कार्यविधिका आधारमा मुल्याङ्कन गरी उक्त कार्यक्रमका लागि उद्यमी छनौट गरिनेछ।
- थप जानकारीका कार्यालय वा कार्यालयको फोन नं. ०८८-४१३११३ वा कार्यालय प्रमुखः-९८५७८४२११३ मा सम्पर्क गर्नुहोला ।

मधुकर डाँगी
(उद्योग अधिकृत)
उद्योग अधिकृत